अनुसूची-२

<u>करारमा लिने कृषी स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण</u>

(दफा ६ (१) संग सम्बन्धित)

- पशुपंछी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।
- पशुपंछी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने।
- सम्बन्धित स्थानीय तहको पशुपंछी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यन्वयन र प्रगति प्रेषण गर्ने।
- स्थानीय तहमा रहेका पशुपन्छीको तथ्यांक अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।
- स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम संचालन र सहजीकरण गर्ने।
- रास्ट्रिय पशुपंछी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पूर्ण खोपहरु सहित खोप कार्यक्रम नियमित रुपमा संचालन गर्ने।
- आकस्मिक रोगहरुको investigation गरि Real Time रिपोर्टिंग गर्ने।
- कृत्रिम गर्भाधानको सेवा टेवा दिने तथा सो सम्बन्धि विवरण अध्यावधिक गरि प्रगति प्रेषण गर्ने।
- Livestock, Feed sources Mapping गर्ने।
- Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।
- ईपिडेमियोलोजीकल रिपोर्ट नियमित रुपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग ईपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।
- रास्ट्रिय सुचिकृत रोगहरुको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।
- रोग परिक्षण र निदानको लागि आवश्यक नमुना संकलन गरि प्रयोगशालामा परिक्षण गर्ने र थप परिक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने।
- भ्याक्सिन भण्डारको लागि कोल्ड चेन प्रणाली संचालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसंग समेत समन्वय गरि पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिस्टम विकास गर्ने।
- सुचिकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तत्कालिन सुचिकृत रोगहरु फैलिएको संका लागेमा तुरुन्तै नमुना संकलन गरि निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानाकारी वा रिपोर्टिंग यथासिघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी ईपिडेमियोलोजी शाखा) मा गर्ने।
- जनस्वास्थ्यसंग सम्बन्धित रोगहरु (नेपाल सरकारले राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोतिक रोगहरु) को जनस्वास्थ्यसंग सम्बन्धित निकायहरुसंग समन्वय सहकार्य गरि सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने।

- पालिकामा रहेका पशुपन्छिपालक किसानका साथसाथै पशुपंछी संख्या तथा दर्ता भएका पशुपंछी फार्मको संख्या अध्यावधिक गर्ने।
- पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुको अभिलेख राख्ने र नियमित बैठक गरि सो बाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने।
- रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धि सुचनामुलक सामाग्री तयार गरि प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।
- पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारि गर्ने।
- पशुपन्छिजन्य महामारी एवं प्रकोप लगायतका विपद व्यवस्थापनमा प्रदेश तथा संघसंग समन्वय र सहकार्य गर्ने।
- पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छिमा लगाईने खोपहरु नियमित रुपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने।
- पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य संचालन गर्ने।
- कुकुरको टोकाइबाट मानिसमा हुने रेबिजलाई शुन्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य संचालन गर्ने।
- छाडा छोडिएका चौपायाको व्यावस्थापनमा स्थानीय संघसंस्थासंग समेत समन्वय गरि कार्य गर्ने र पशु छाडा छाड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने।
- पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।
- आर्थिक दृष्टिकोणले महत्वपुर्ण रोगहरु (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरु) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरि नियमित रुपमा भ्याक्सिनेसन गर्ने।

अनुसूची-१

<u>करारमा लिने कृषी स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण</u>

(दफा ६ (१) संग सम्बन्धित)

- स्थानीय तहको कृषि विकास सम्बन्धि गर्नुपर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने।
- स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यन्वयन तथा सहजीकरण गर्ने।
- पालिका अन्तर्गत संचालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र वार्षीक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने।
- पालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्यांक अध्यावधिक गर्ने।
- बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समुह तथा कृषि उधमहरुको विवरण सहितको पालिका स्तरीय कृषि प्रोफाईल तयार गर्ने।
- स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।
- आकस्मिक वाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।
- कृषि बिमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने।
- संघ तथा प्रदेशका कृषि सम्बन्धि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।
- अनुसन्धान पछी आएका नविन प्रविधि अनुशरणका लागि पालिकाका कृषक समुदायमा प्रचार प्रसार गर्ने।
- पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखामा प्राविधिकहरुलाई सहयोग गर्ने।
- स्थानीय महत्वका बालि वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।
- कृषि सम्बन्धि न्युनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।
- पालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।